मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २९ ◆ अङ्क : १७० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ वैशाख २५ गते मंगलवार (Tuesday, 7 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

**गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्,
- संक्रामक रोग फैलाउने झिागा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# रोजगारीका नाममा ठगी रोक्न ध्यानाकर्षण



**झापा, वैशाख २४** । सरकारले वैदेशिक रोजगारीका नाममा भइरहेको ठगीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सोमबार बिज्ञप्ति जारी गरी युरोप, अमेरिका, जापान, दक्षिण कोरिया, इजरायललगायतका मुलुकमा वैदेशिक रोजगारीका नाममा बढ्दै गइरहेको ठगीका सम्बन्धमा आमसञ्चार माध्यमबाट प्रकाशन/प्रशारण भएका समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन आवश्यक नीतिगत, कानूनी एवम् संस्थागत प्रबन्ध गरी यस क्षेत्रमा हुने ठगी नियन्त्रण गर्न सरकारले अधिकतम् प्रयास गरिरहेको र त्यसका लागि आम सरोकारवालाको उत्तिकै सक्रियता आवश्यक पर्ने विज्ञप्तिमा उल्लेख छ ।

वैदेशिक रोजगार ऐन २०६४को दफा ४३ बमोजिम कुनै पनि व्यक्ति वा संस्थाले इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुठो आश्वासन दिई वा प्रलोभन देखाई कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र त्यसको ५० प्रतिशतले हुने रकम हर्जनाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्च समेत भराएर निजलाई ३देखि ५ लाख रुपैयाँसम्म जरिवाना र ३ वर्षदेखि ७ वर्षसम्म कैद सजाय हुने कानूनी व्यवस्था रहेको मन्त्रालयले स्मरण गराएको छ ।

'उल्लिखित कानूनी व्यवस्थाका बाबजुद वैदेशिक रोजगारीमा जान इच्छुक नेपाली नागरिकलाई आकर्षक रोजगारीको प्रलोभन देखाउने, युरोप, अमेरिका, जापान, कोरिया, इजरायललगायतका देशमा रोजगारीको अवसर छ भनी सामाजिक सञ्जालमा भ्रामक सूचना प्रेषित गर्ने र भ्रम सिर्जना गरी आर्थिक रुपमा ठगी गर्ने गरेको समेत पाइएको छ'- मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

यस्ता गैरकानूनी कार्य नियन्त्रण गर्न मन्त्रालय अन्तर्गतका निकाय तथा सरकारका अन्य नियमनकारी निकाय प्रतिबद्ध रहेको मन्त्रालयका सहसचिव एवम् प्रवक्ता गोविन्दप्रसाद रिजालले बताए । वैदेशिक रोजगारीमा जानका लागि हाल तीन प्रकारका विधि रहेको मन्त्रालयले स्पष्ट पारेको छ ।

ठगीबाट बच्न वैदेशिक रोजगारीमा जाने प्रक्रिया शुरु गर्नुअघि इजाजतपत्र प्राप्त संस्थामार्फत प्रक्रिया अगाडि बढाउन मन्त्रालयले आग्रह गरेको छ । कुनै पनि संस्था इजाजतपत्र प्राप्त हो वा होइन र वैदेशिक रोजगारीका लागि पूर्वस्वीकृति लिएको छ वा छैन भन्ने

*(बाँकी अन्तिम पृष्ठमा)*

## इजरायल पठाइदिन्छु भन्दै...

**काठमाडौं, वैशाख २४** । इजरायल पठाइदिन्छु भन्दै दुई लाख रूपैयाँ ठगी गरेको अभियोगमा काठमाडौं बुढानिलकण्ठ नगरपालिका-९ बस्ने ताप्लेजुङका ३७ वर्षीय जेनित हाङ लिम्बूलाई प्रहरीले पक्राउ गरेको छ ।

लिम्बूले एक जनालाई वैदेशिक रोजगारीका लागि इजरायल पठाइ आकर्षक तलबमा काम लगाइदिन्छु भन्दै पीडितबाट उक्त रकम लिई सम्पर्कविहीन भई ठगी गरेकोले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं बुढानिलकण्ठबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

# बिर्तामोडका १६४ बिरामीलाई उपचार खर्च

**सुरेन्द्र भण्डारी**

**झापा, वैशाख २४** । 'मिर्गौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघात' भएका बिरामीलाई औषधि उपचार खर्च बापत सरकारले मासिक पाँच हजार रुपैयाँ उपलब्ध गराउँदै आएको छ ।

झापाको बिर्तामोड नगरपालिकामा मात्रै गत आर्थिक वर्ष २०७९/०८०मा १ सय ६४ जना रोगीलाई औषधि उपचार खर्च बापत मासिक पाँच हजार रुपैयाँ उपलब्ध गराइएको छ । बिर्तामोड नगरपालिका स्वास्थ्य शाखाका अधिकृत राजीवकुमार विष्टका अनुसार नगरपालिकाले अघिल्लो आर्थिक वर्ष यस्ता रोगीका लागि झण्डै एक करोड रुपैयाँ वितरण गरेको थियो । यो आर्थिक वर्षका लागि समेत नसर्ने गम्भीर प्रकृतिका दीर्घ रोगीको औषधि उपचार खर्च बापत प्रदान गरिने रकम सरकारसंग माग गरिएको विष्टको भनाइ छ ।

बिर्तामोड नगरपालिकाको पछिल्लो तथ्याङ्क हेर्ने हो भने यहाँ क्यान्सर रोगीको संख्या धेरै पाइएको छ । बिर्तामोडमा एक सय २६ जना क्यान्सर रोगीले सरकारले उपलब्ध गराउँदै आएको मासिक पाँच हजार रुपैयाँ नियमित लिँदै आएका छन् । बिर्तामोडमा क्यान्सर रोगपछि मृगौला रोगी धेरै देखिएका छन् । नगरका ३४ जना मृगौला रोगीले सरकारले उपलब्ध गराएको औषधि उपचार खर्च लिँदै आएका छन् ।



त्यस्तै चार जनामा मेरुदण्डको पक्षघात देखिएको छ । उनीहरुले समेत मासिक पाँच हजार रुपैयाँ औषधि उपचारका लागि खर्च लिँदै आएका छन् ।

चालू आर्थिक वर्षका लागि समेत यस्ता रोगीले पाउँदै आएको रकम प्रदान गर्ने तयारी भइरहेको बिर्तामोड नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ । स्वास्थ्य शाखाका अधिकृत विष्टका अनुसार सुविधा पाउँदै आएका रोगीका विषयमा बुझ्ने काम भइरहेको र उनीहरुलाई जतिसक्दो छिटो रकम प्रदान गर्ने तयारी भइरहेको छ । सरकारले गम्भीर प्रकृतिका विरामीका लागि औषधि उपचार गर्न सहयोग पुऱ्याउने उद्देश्यले २०६८ सालमा कार्यविधि बनाएर यस्ता रोगीलाई औषधि उपचार खर्च प्रदान गर्दै आएको छ । सोही कार्यविधि अनुसार हाल देशभर रहेका 'मिर्गौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघात' भएका बिरामीलाई औषधि उपचार खर्च बापत सरकारले मासिक पाँच हजार रुपैयाँ उपलब्ध गराउँदै आएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कार्यविधि तयार गर्दै अघिल्लो आर्थिक वर्षबाट यस्ता बिरामीलाई मासिक पाँच हजार रुपैयाँ उपलब्ध गराउँदै आएको हो । मन्त्रालयले तयार गरेको कार्यविधिको दफा २ (ख) मा मिर्गौला प्रत्यारोपण गराएका, डायलाइसिस गराइरहेका र क्यान्सर रोग पहिचान भई उपचारपछि निको भइसकेका बाहेकका चिकित्सकले तीन-तीन महिनाभित्र निरन्तर निगरानी क्लोज फलोअप राखेका व्यक्तिलाई यो सुविधा प्रदान गर्ने गरिएको छ ।

यसैगरी मेरुदण्ड पक्षाघात भएका (रातो र नीलो अपाङ्ग परिचय-पत्रवाहक) व्यक्तिलाई पनि सरकारले औषधि उपचार खर्च प्रदान गर्दै आएको छ । तर, नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश

*(बाँकी अन्तिम पृष्ठमा)*

# होटलमा साथीसँग गएकी युवतीको मृत्यु, युवक पक्राउ

**मोरङ, वैशाख २४** । काठमाडौंको गोङ्गबूस्थित होटलमा साथीसँग गएकी एक युवतीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मोरङको लेटाङ नगरपालिका-२ घर भएर बाँसबारी बस्दै आएकी कल्पना भण्डारी छिन् । ३१ वर्षीया भण्डारी गोङ्गबूस्थित स्टार जोन होटलको शौचालयमा झुण्डिएको अवस्थमा भेटिएकी जिल्ला प्रहरी परिसर काठमाडौंका एक जना अधिकृतले जानकारी दिए ।

भण्डारीलाई साथमा लिएर होटलमा गएका युवकलाई प्रहरीले पक्राउ गरेको

*(बाँकी अन्तिम पृष्ठमा)*

## ८० लाख लुटियो

**काठमाडौं, वैशाख २४** । धनुषाको जनकपुरधाम उपमहानगरपालिका-२मा सहकारी कर्मचारीको साथबाट ८० लाख लुटपाट भएको छ ।

हिमालयन बैंकबाट रकम निकालेर रघुनाथपुरस्थित शुभश्री बचत तथा ऋण सहकारीतर्फ लैजाँदै गर्दा तीन जना अपरिचितले रकम लुटेर भागेका हुन् । सहकारी संस्थाका कर्मचारी वीरेन्द्र महतोको साथमा भएको पैसाको झोला लुटेर मोटरसाइकलमा आएका तीन जना फरार भएको बताइन्छ । घटनामा संलग्नहरूको खोजी भइरहेको मधेश प्रदेशका डीआईजी यज्ञबिनोद पोखरेलले बताए । उनले भने- 'धनुषा प्रहरीले अनुसन्धान गरिरहेको छ ।'

# झापामा ३५३ जना फरार प्रतिवादी पक्राउ

**झापा, वैशाख २४** । जिल्ला प्रहरी कार्यालय झापाले चालू आर्थिक वर्षमा तीन सय ५३ जना फरार प्रतिबादीलाई पक्राउ गरेको छ ।

जिल्ला अदालत झापाको फैसला कार्यान्वयन अन्तरगत जिल्ला प्रहरी कार्यालय झापाले जिल्लाका विभिन्न स्थानबाट फरार प्रतिवादीलाई पक्राउ गर्दै जिल्ला अदालत झापा बुझाएको प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए । पक्राउ परेका उनीहरुबाट एक सय ४१ वर्ष ६ महिना २ दिन कैद र चार करोड ४० लाख ९२

*(बाँकी अन्तिम पृष्ठमा)*

## चोरीमा संलग्न दुई जना पक्राउ

**काठमाडौं, वैशाख २४** । काठमाडौं ताहाचल डेरा गरी बस्ने सविना खड्काको कोठाबाट ल्यापटप १ थान, मोवाइल १ थान र करिब २ तोला सुन लगायतका विभिन्न गहना चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-

*(बाँकी अन्तिम पृष्ठमा)*

# कोशी: चार जिल्लामा गोठ सुधार

**झापा, वैशाख २४** । सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले पशुपालक किसानलाई सहयोग पुऱ्याउने लक्ष्यका साथ कोशी प्रदेशका चार जिल्लाका गोठ र नश्ल सुधार अभियान सञ्चालन गरेको छ ।

झापाको बिर्तामोडमा रहेको संस्थाले झापा, मोरङ, इलाम र उदयपुरका किसानलाई समूहमा सङ्गठित गरी आवश्यक कर्जा, प्राविधिक सेवा र बजारीकरणमा सहयोग प्रदान गर्दै आएको हो । सहाराका पाँच हजार सदस्यलाई उद्यमी बनाउने उद्देश्य राखेर गाई, बाखा, सुँगुर र कुखुरा फार्म सञ्चालन गर्ने अभियानमा जोडिएको संस्थाका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीले बताए । उनका अनुसार यस वर्ष सात सय किसानलाई बाख्रापालक उद्यमी बनाइएको छ ।

परम्परागत तरिकाले गरिएको पशुपालनबाट उल्लेख्य उपलब्धि हासिल हुँदैन भनेर हामीले किसानलाई बुझाउँछौं । आधुनिक सिप र प्रविधिको ज्ञानका साथै आवश्यक सहयोग गर्दै आएका छौं- गिरीले भने- सदस्यहरुको समूह बनाएर गोठदेखि बजारसम्म सबै प्रकारको सहयोग पुऱ्याउँदै आएका छौं । गाई फार्म र बाख्रापालनमा आबद्ध किसानको घरदैलोमा पुगेर सेवा दिने व्यवस्था मिलाइएको उनले जानकारी दिए । बाख्राको नश्ल सुधारका लागि यसै साता झापाको दुई, मोरङ र इलामका एक/एक गरी चार वटा समूहलाई उन्नत जातको बीऊ बोका निःशुल्क वितरण गरिएको संस्थाका कृषि तथा वातावरण उपसमितिका संयोजक राजकुमार ओलीले बताए । उनका अनुसार सिरोही र पोटा जातका बोका किसानलाई दिइएको हो ।

मोरङको केराबारीस्थित लगनशील सहारा कृषक समूह, इलामको दानाबारीस्थित बिहीबारे सहारा कृषक समूह, झापाको गोलधापस्थित देउराली सहारा कृषक समूह र झापाको बुधबारेस्थित सिर्जनशील सहारा कृषक समूहलाई नश्ल सुधारका लागि बोका वितरण गरिएको उनले जानकारी दिए । संस्थाका शेयर सदस्यलाई लक्षित गरेर गोठ बनाइदिने र रोग प्रतिरोधक भ्याक्सिन निःशुल्क रुपमा उपलब्ध गराउने कार्य भइरहेको संयोजक ओलीले बताए ।

सहाराको कार्यक्षेत्र रहेको कोशी प्रदेशको छ वटा जिल्लामा बाख्रापालक किसानका ४४ समूह बनाइएको छ । किसानलाई कर्जा, आवश्यक तालिम, बीऊ, बजार पहिचानलगायत क्षेत्रमा सहयोग उपलब्ध गराइएको संस्थाका पशु चिकित्सक डा. कमलेश्वर भाटले बताए । गाईपालक र बाख्रापालक किसानलाई परामर्श सेवा प्रदान गर्नका लागि संस्थाले नेदरल्यान्डबाट पशुविज्ञ चिकित्सक ल्याएको उनले जानकारी दिए ।

नेदरल्यान्डबाट आएका डा. गेरेट टेकनसहितको पशुविज्ञ टोलीले झापा र इलामका किसानको गोठगोठमा पुगेर अनुगमन गरेको थियो । कतिपय किसानको गोठमा खसीबाख्रा एक्कासी मर्ने समस्या थियो- पशु चिकित्सक डा. भाटले भने- नेदरल्यान्डबाट आएका पशुविज्ञले गोठहरुको अनुगमन गरेर समस्या पहिचान गरी समाधान गरे । यसबाट किसानले पशुपालनको विश्वस्तरीय ज्ञान प्राप्त गर्न पाउनुभएको छ ।

बुद्धशान्ति-५ का खगेन्द्र गौतमको बाख्रा गोठमा एकैपटक ४० वटा बाख्रा गत चैतमा मरेका थिए । नेदरल्यान्डका पशुविज्ञ डा. टेकनले उनको गोठको अनुगमन गरी किसानसँग समस्याका बारेमा छलफल गरेका थिए । पशुविज्ञ टोलीले बाख्रापालनमा गोठ, आहार र नश्ल सुधारमा उन्नत तरिका अपनाउन सुझाव दिएका थिए । टोलीले बाख्राले खाँदै आएको घाँस र दानाकोसमेत अध्ययन गरेको थियो ।

गाईपालनका बारेमा डा. टेकनले सिमेन्टको पक्की भुइँमा भन्दा खुला माटोमा बस्न दिँदा राम्रो हुने सुझाव दिएको उपसमितिका संयोजक ओलीले बताए । उनका अनुसार टोलीले शिवसताक्षी नगरपालिकाको बिन्दबासिनी गाई फार्म र मेचीनगरको कुबेर बाख्रा फार्मको अनुगमन गरी किसानलाई गोठ सुधारका लागि आवश्यक परामर्श दिएको थियो ।

पशुपालनमा गोठ र नश्ल सुधारसँगै आहार, पशुको स्याहारको उचित व्यवस्थापन मिलाउनु पर्ने सहाराका बालीविज्ञ राजेन्द्र खरेलले बताए । संस्थाका तर्फबाट खरेलले किसानलाई कृषि सम्बन्धी परामर्श सेवा प्रदान गर्दै आएका छन् ।



# सपुत: गायक र अभिनेतादेखि चलचित्र निर्देशनसम्म



गायन तथा अभिनयमा रमाइरहेका कलाकार प्रकाश सपुत पछिल्लो समय चलचित्र निर्माण र निर्देशनमा होमिएका छन् । निर्देशकका रुपमा सपुतले आइतबार आफ्नो पहिलो चलचित्र 'वसन्त' निर्माणको घोषणा गरे । काठमाडौँमा आयोजित एक समारोहबीच चलचित्रको शीर्षक भिडियो सार्वजनिक गरियो ।

सपुत नारायण रायमाझीद्वारा निर्देशित चलचित्र 'परेदशी २' बाट अभिनेताका रुपमा उदाएका थिए । 'वसन्त'मा पनि उनी आफै मुख्य पात्रका रुपमा देखिँदै छन् । 'परदेशी २'को अनुभव र दर्शकबाट पाएको विश्वासले चलचित्र निर्माण र निर्देशनमा आँट दिलाएको सपुतले बताए । चलचित्र निर्देशनलाई उनले आफ्नो अर्को सपना भएको रुपमा अर्थ्याए ।

गायनमा प्रवेश गर्दाताका नै सपुतले चलचित्रमा अभिनेता बन्ने सपना रहेको सुनाउथे । गायनसँगै म्यूजिक भिडियोको अभिनय र नृत्यमा पनि सपुतलाई दर्शकले रुचाएका थिए । अभिनेताका रुपमा 'परदेशी २'लाई मैले परीक्षाका रुपमा लिएको थिएँ, निर्देशकीय हिसाबले 'बसन्त' अर्को परीक्षा हो- सपुतले भने- पहिलेदेखि सँगालेको सपना पूरा गर्न पाउँदा उत्तिकै उत्साहित पनि छु ।

चलचित्र 'वसन्त' आफ्नो पुस्ताले बाँचेको समयको कथामा आधारित रहेको उनले सुनाए । चलचित्रमा दर्शकले आफ्नै गाउँठाउँको कथा पाउनेहुनेछ, यसमा नेपालीपन छ, लवज छ, मौलिक सङ्गीत छ- सपुतले भने- चलचित्रले हाम्रै समयको कथा भन्छ, सामाजिक विषयवस्तु यसमा मुखरित छ । चलचित्रमा आफ्नै जन्मथलो बागलुङको धम्जा गाउँको परिवेश र कथावस्तु चित्रित हुने उनको भनाइ छ ।

सपुतले आफ्नो भोगाइ र अनुभवलाई चलचित्रको कथामा ढालेको बताए । विश्वकर्मा समुदायको युवकले लेखक बन्ने सपना पूरा गर्न गरेको संघर्ष र उसको प्रेमकथालाई चलचित्रमा देखाउन खोजिएको सपुतले सुनाए । मैले गायकका रुपमा जुन परिचय बनाएको छु, त्यसको सफलताको भारी कहीँ न कहीँ मेरो चलचित्र निर्माण, निर्देशन र अभिनयमा पनि जोडिन्छ- उनले भने- यो मेरा लागि अवसर र चुनौती दुवै हो, बाँकी त दर्शकको हातमा छ । कथा, सङ्गीत, निर्देशन, पात्र र चरित्र निर्वाहका दृष्टिले चलचित्रमा नेपालीपन दिन खोजिएको उनको भनाइ छ ।

चलचित्रमा 'वसन्त' पात्रका रुपमा सपुत स्वयम्को मुख्य भूमिका रहेको छ । अर्को मुख्य पात्र 'शान्ति'का रुपमा अभिनेत्री स्वस्तिमा खड्का छिन् । चलचित्रमा अनुप बराल, प्रकाश घिमिरे, कमलमणि नेपाललगायतको अभिनय रहनेछ ।

गलबन्दी प्रोडक्सनको ब्यानरमा बन्ने उक्त चलचित्र आउँदो वसन्त याममा प्रदर्शनमा आउने सपुतले जानकारी दिए । आउँदो चैते दशैँ र नयाँ वर्षको छेको पारेर चलचित्र प्रदर्शन ल्याउने तयारीमा छौँ- उनले भने । चलचित्रको कथा र सङ्गीत पनि सपुत आफैले तयार पारेका हुन् । चलचित्रको सह-निर्देशन सुनिल विकले गर्ने जनाइएको छ । चलचित्रको कार्यकारी निर्मातामा मोहन विश्वकर्मा, अनुरोध भट्टराई र नेन्सी शेरचन रहेका छन् ।

बाग्लुङको काठेखोला गाउँपालिका-३ धम्जामा जन्मिएका सपुतका 'गलबन्दी', 'बोलमाया', 'पिर', 'सकम्बरी', 'दमाई महाराज', 'बदला बरिलै', 'कुरा बुझ्नुपर्छ'लगायत गीत चर्चित छन् । सामाजिक मुद्दालाई सिर्जनामा मुखरित गर्न पारङ्गत उनी गीतमा कथानकको प्रयोग गर्न सक्ने स्रष्टाका हिसाबले पनि चिनिन्छन् । सपुतका कतिपय रचनालाई लिएर सार्वजनिक विवाद र बहससमेत हुने गरेको छ ।

वि.सं. २०६९मा 'मुसुमुस नहाँस मायाले' बोलको लोकदोहोरी गीतबाट साङ्गीतिक यात्रा तय गरेका सपुत अहिलेका सर्वाधिक सफल कलाकारका रुपमा चिनिन्छन् । मौलिक गीत 'गलबन्दी'बाट चर्चाको उचाइमा पुगेका उनका गीतका म्यूजिक भिडियोले युट्युबमा करोडौँ 'भ्यूज' पाएका छन् । साङ्गीतिक यात्राका क्रममा देशविदेशका कार्यक्रममा पुग्न भ्याइनभ्याइ हुने सपुतलाई चलचित्र लेखन, निर्माण तथा निर्देशन कत्तिको फाप्ने हो त्यसका लागि भने आउँदो बसन्तु ऋतु कुर्नैपर्छ ।

# महिला मानवअधिकार रक्षक सञ्जाल झापामा कविता



**बिर्तामोड, बैशाख २४।** महिलाहरुको हकअधिकारका लागि स्थापित महिला मानवअधिकार रक्षक सञ्जाल झापाको पुनःगठन भएको छ ।

सञ्जालले बिर्तामोडमा पत्रकार सम्मलेन गरी सोमवार कार्य समिति सार्वजनिक गरेको हो । नौ सदस्यीय कार्यसमिति भएको सञ्जालको अध्यक्षमा अधिवक्ता कविता बाँस्तोला चयन भएकी छिन् । समितिको उपाध्यक्षमा कमला भट्टराई, सचिवमा लीला अनमोल, सहसचिवमा संस्कृति रिजाल र कोषाध्यक्षमा पुष्पाञ्जली सिन्हा ठकुरी चयन भएका छन् ।

त्यस्तै सदस्यमा शिखा खड्का गणेश, सनम राजवंशी, चञ्चला सुब्बा र दुर्गा आचार्य रहेका पत्रकार सम्मेलनमा जानकारी दिइयो । सल्लाहकारमा कोशी प्रदेश पूर्वसांसद जसमाया गजमेर, जिल्ला समन्वय समिति झापाकी उपप्रमुख शान्ता रोका र अधिवक्ता शान्ता पाठक तिम्सिना रहेका छन् ।

महिलाका अधिकारका विषयलाई अघि ल्याउन सञ्जालले भूमिका निर्वाह गर्ने बताइएको छ । झापामा २०६४ सालदेखि यस सञ्जालले महिला मानवअधिकारको क्षेत्रमा वकालत गर्दै आएको बताइएको छ ।

कार्यक्रममा मानव अधिकार सञ्जाल झापाका अध्यक्ष डा. रुपक खनाल, इन्सेकका नरेश खाती, वीरता लेडी जेसीजकी संस्थापक अध्यक्ष शारदा रिजाल, महिला उद्यमी पार्वता बिमली, वीरता लेडी जेसीजकी अध्यक्ष मिनु ओलीलगायतले शुभकामना दिएका थिए । सञ्जालले आफ्नो कार्यक्रम निर्धारित समयमा नै शुरु गर्ने जनाएको छ ।

महिलाहरुमाथि हुने घरेलु हिंसा, महिला अधिकार उल्लङ्घन, विभेदलगायतका बिषयमा कार्य गर्दै त्यस्ता समस्या सामुहिक रुपमा अन्त्य गर्ने उद्देश्यले सञ्जालको पुनःगठन गरिएको बताइएको छ । कार्यक्रममा स्वागत सञ्जालकी उपाध्यक्ष कमला भट्टराईले गरेकी थिइन् भने सञ्चालन सचिव लीला अनमोलले गरेकी थिइन् ।

# प्रदेश सरकारद्वारा पत्रकार नेम्वाङसहित पाँच जना पुरस्कृत



**झापा, वैशाख २४।** नेपाल पत्रकार महासंघ झापाका पूर्वअध्यक्ष भीम नेम्वाङ सहित कोशी प्रदेशका पाँच जना पत्रकारलाई प्रदेश सरकारले पुरस्कृत गरेको छ ।

जनही एक लाख रुपैयाँ राशिको पुरस्कारबाट झापाका पत्रकार नेम्वाङ सहित मोरङका अनन्तराज न्यौपाने, उदयपुरका महेश्वर चाम्लिङ राई, धनकुटाका रमेशचन्द्र अधिकारी, सुनसरीका पिबी दियाली पुरस्कृत भएका हुन् ।

प्रदेश सरकारले पत्रकारिता दिवसको अवसर पारेर हरेक वर्ष कोशीमा कार्यरत अग्रज पत्रकारलाई पुरस्कृत गर्दै आएको छ । पुरस्कृत पत्रकारलाई मुख्यमन्त्री केदार कार्कीसहित आन्तरिक मामिला तथा कानूनमन्त्री शम्शेर राईले सम्मान-पत्र प्रदान गरेका थिए ।

कार्यक्रममा प्रदेश सरकारका स्वास्थ्यमन्त्री प्रदीपकुमार सुनुवार, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव लक्ष्मी पौडेल, पत्रकार महासंघ कोशी प्रदेशका कार्यबाहक अध्यक्ष लवदेव ढुंगानालगायत कर्मचारी तथा सञ्चारकर्मीहरू सहभागी थिए ।

# कृषक समूहलाई कृषि सामग्री



**अर्जुनधारा, वैशाख २४।** कृषि उत्पादन तथा प्रबर्द्धन कार्यक्रम अन्तर्गत अर्जुनधारा-७ नं. वडा कार्यालयले सोमबार एक कार्यक्रमकाबीच कृषक समूहलाई कृषि सामग्रीहरु वितरण गरेको छ ।

चालूआर्थिक वर्ष ०८०/०८१को स्वीकृत वडास्तरीय वार्षिक बजेट नीति तथा कार्यक्रममार्फत् वडा कार्यालय र कृषक समूहको ५० प्रतिशत साझेदारीमा उक्त कृषि सामग्रीहरु वितरण गरिएको वडाध्यक्ष गोविन्दप्रसाद खतिवडाले जानकारी दिए । वितरण गरिएको कृषि सामग्रीहरुमा मकै छोडाउने मेसिन १० थान, मकै रोप्ने हाते औजार १५ थान र ड्याङ बनाउने तथा पुर्ने हाते औजार १५ थान रहेका छन् ।

# ९४औं किरात समाजसुधार दिवसमा विविध कार्यक्रम

**अर्जुनधारा, वैशाख २४।** ९४औं किरात समाजसुधार दिवसको सन्दर्भमा अर्जुनधारा-११स्थित महागुरु फाल्गुनन्द लिङ्देन स्मृति प्रतिष्ठान र किराँतेश्वर हाङ्साम थेवा युमा माङ्हिम व्यवस्थापन समितिको आयोजनामा सोमबार विविध कार्यक्रम सम्पन्न भएको छ ।



दिवस अन्तर्गत माङ्हिम परिसरमा रहेको महागुरु लिङ्देनको पूर्णकदको शालिक परिसरमा सुम्निमा र लोरीङ फुङ येन पाङ्धान सायाम राखिएको, १०८ वटा दीप प्रज्ज्वलनसहित सेवासाँवाहरुबाट सेवा गरिएको माङ्हिमका सेवासाँवा भीमराज कुरुम्वाङ लिम्बू फिपराजले जानकारी दिए ।

प्रतिष्ठानका सदस्य एवम् माङ्हिम व्यवस्थापन समितिका सल्लाहकार मोहन सुब्बाका अनुसार सेवासँगै किरात धर्म दर्शनदाता, समाज सुधारक एवम् १६औं राष्ट्रिय विभूति महागुरु लिङ्देनको जीवनी र किरात समाजसुधार दिवस बारे चर्चा गरिएको थियो ।

प्रतिष्ठानका अध्यक्ष शेरबहादुर इङ्नामको अध्यक्षतामा आयोजित कार्यक्रममा महागुरु लिङ्देनको जीवनी र दिवसको औचित्य बारे अध्यक्ष इङ्नामले जानकारी गराएका थिए । प्रतिष्ठानका अध्यक्ष इङ्नाम, माङ्हिम व्यवस्थापन समितिका अध्यक्ष तिलसिंह माङ्मू लिम्बू र वडाध्यक्ष खगेन्द्र इङ्नामले संयुक्तरुपमा उद्घाटन गरेको उक्त कार्यक्रमको सञ्चालन वीजेन्द्रकुमार एक्तेनले गरेका थिए ।

# कुवेत पुर्‍याइ मानवबेचबिखन अभियोगमा पक्राउ

**काठमाडौं, बैशाख २४।** वैदेशिक रोजगारका लागि कुवेत पठाइदिन्छु भनी कुवेत पुर्‍याइ मानवबेचबिखन गरेको अभियोगमा धादिङ बेनिघाट रोराङ गाउँपालिका-३ बस्ने ४७ वर्षीय श्यामबाबु बराकोटीलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धादिङ समेतको समन्वयमा मानवबेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले उनलाई धादिङ बेनिघाट रोराङ गाउँपालिका-३बाट पक्राउ गरेको हो । श्यामबाबु समेतले पीडितलाई नेपाल सरकारबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा कुवेत पठाइदिने भनी झुक्याई २०७९ माघ २५ गते भिजिट भिसामा कुवेत पुर्‍याएको, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र कुवेतको एयरपोर्टमा देखाउने कागजातहरू समेत फरक-फरक बनाइ पठाएको, कुवेतको एयरपोर्टमा पुगे पश्चात जाहेरवालाको सक्कल नेपाली राहदानी लगायतका कागजातहरू नियन्त्रणमा लिई श्रीलंकन मूलको एजेन्टलाई जिम्मा लगाएको र कुवेती नागरिकको घरमा पुर्‍याई बेचबिखन गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ ।

साथै पीडितले कुवेतमा काम नगर्ने नेपाल फिर्ता गरिदिन आग्रह गर्दा ५ लाख रकम माग गरेको र नेपालमा रहेका आफन्तलाई सम्पर्क गरी श्यामबाबु समेतले उपलब्ध गराएको खातामा ३ लाख रकम जम्मा गरे पश्चात पीडित कुवेतबाट २०७९ फागुन २१ गते नेपाल फर्कन सफल भएका थिए । उनी उपर मानवबेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान गर्नुका साथै घटनामा संलग्न अन्य प्रतिवादीहरूको समेत प्रहरीले खोजी गरिरहेको छ ।

## होटलमा ...

छ । चन्द्रागिरि नगरपालिका-१५ घर भएका अनित कार्कीलाई पक्राउ गरिएको ती अधिकृतले बताए । शनिवार युवती झुण्डिएपछि युवक र होटल सञ्चालकले पासो काटेर उनलाई अस्पताल लगेका थिए । त्रिवि शिक्षण अस्पतालमा चिकित्सकहरूले उनलाई मृत घोषणा गरेका हुन् ।

## चोरीमा ...

२७ बस्ने ३७ वर्षीय जोन खड्गी र सोही महानगरपालिका-३० मैतिदेवी बस्ने ३४ वर्षीय सञ्जय खड्गी रहेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई काठमाडौं धुमबाराहीबाट पक्राउ गरेको हो ।

विभिन्न मितिमा काठमाडौं उपत्यका अन्तर्गतका प्रहरी कार्यालयमा पाँचपटक चोरी लगायतका कसूरमा उनीहरू उपर मुद्दा दर्ता भएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ ।

## झापामा ...

हजार दुई सय रुपैयाँ बिगो जरिवाना असुल हुने बताइन्छ ।

गत फागुन ६ गते यता मात्रै प्रहरीले ६६ वर्ष ४ महिना ३ दिन कैद र ४२ लाख ४६ हजार एक सय ९७ रुपैयाँ विगो जरिवाना कायम भएका एक सय ८८ जना फरार प्रतिवादी पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक चन्दले जानकारी दिए । जिल्ला प्रहरी कार्यालय झापामा प्रहरी उपरीक्षक मिलन केसीले नेतृत्व सम्हालेसँगै फरार प्रतिवादी पक्राउ र लागूऔषध नियन्त्रणमा कडाइ गरिएको छ ।

## बिर्तामोडका ...

स्वामित्व भएको संस्था वा संगठनबाट रोजगारी निवृत्तिभरण वा विदेशी सरकारबाट रोजगारी पेन्सन प्राप्त गरिरहेको व्यक्तिले भने यो सुविधा लिन नसक्ने कार्यविधिमा उल्लेख छ ।

यसैगरी सरकारबाट उपलब्ध ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडिएको भत्ता, अपाङ्ग भत्ता पाउनेले सो भत्ता वा उपचार खर्चमध्ये एक रोज्नुपर्नेछ । एकभन्दा बढी रोग लागेकाहरूले पनि दोहोरो भत्ता नपाउने कार्यविधिमा उल्लेख छ । सरकारको पछिल्लो तथ्याङ्क हेर्ने हो भने नसर्ने रोगका कारण नेपालमा वार्षिक १ लाख ३७ हजार जनाको मृत्यु हुने गरेको छ । विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको तथ्याङ्कमा बार्षिक कूल मृत्युदरको ७१ प्रतिशत मानिसको मृत्यु नसर्ने रोगको कारण हुने गरेको जनाइएको छ ।

## रोजगारीका...

कुरा वैदेशिक रोजगार विभागको वेबसाइट www.dofe.gov.npबाट यकिन गर्न सकिन्छ । कसैको प्रलोभनमा परी बिना प्रमाण तोकिएको शुल्कभन्दा बढी रकम नदिन र वैदेशिक रोजगारी प्रयोजनका लागि तोकिएको सेवा शुल्क संस्थाको बैंक खातामार्फत मात्र बुझाउन पनि मन्त्रालयले स्पष्ट गरेको छ ।

यस सन्दर्भमा आवश्यक सूचना, जानकारी, गुनासो एवम् उजुरीका लागि समाधान कल सेन्टरमार्फत वा प्रत्यक्ष रुपमा मन्त्रालय वा मन्त्रालय अन्तर्गतका निकायमा सम्पर्क गर्न अनुरोध गरिएको छ ।

विभिन्न माध्यमबाट दक्षिण कोरिया पठाइदिन्छु भनेर देशका विभिन्न जिल्लामा सयौं युवालाई प्रलोभनमा पारी नक्कली तालिम दिएर गएको भदौ असोजमा तीन लाखदेखि पाँच लाखसम्म पैसा उठाएको समाचार पूर्वाञ्चल दैनिकले प्रकाशन गरेको थियो ।







**रोङ गाउँपालिका सीमा क्षेत्र भएर बग्ने विरीङ खोलको बगर क्षेत्रबाट नदीजन्य पदार्थको दिगो उत्खनन् तथा संकलन कार्यको संक्षिप्त वातावरणीय**

**अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०८१/०१/२५)

कोशी प्रदेश, इलाम जिल्ला, रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पहरीगाउँ इलामद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | रोङ गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय पहरीगाउँ, इलाम<br>इमेलः @gmail.com |
| प्रस्तावको व्यहोरा | कोशी प्रदेश, इलाम जिल्लाको रोङ गाउापालिका, वडा नं.१ र ४ क्षेत्र भएर बग्ने बिरीङ खोलाको नदीजन्य पदार्थको दिगो उत्खनन् तथा संकलन कार्य को संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी |
| प्रभाव पर्न सक्ने जिल्ला र न.पा. | इलाम जिल्ला, रोङ गाउँपालिका, वडा नं. १ र ४ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली ,भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | रोङ गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय पहरीगाउँ, इलाम<br>इमेलः @gmail.com |
| परामर्श दाताको नाम र ठेगाना | दाहाल ग्रुप अफ कन्सल्ट्यान्टस प्रालि<br>दुवाकोट -२, भक्तपुर<br>फोनः ९८५११८४४६०<br>ई-मेलः dahalgroupofconsultants509@gmail.com |


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

## पूर्वाञ्चल

### सम्पादकीय

# ठगी नियन्त्रण गर

वैदेशिक रोजगारीका नाममा हुने ठगीका घटनाहरु दिनप्रतिदिन बढ्दै गएका छन् । छिट्टै पैसा कमाउने मोहमा परेर पढेलेखेका र शिक्षित वर्ग नै धेरै ठगिन थालेको प्रहरीको भनाइ छ । म्यानपावर कम्पनी, शैक्षिक परामर्श केन्द्र हुँदै पछिल्लो समय गाउँ–ठाउँका, आफन्त र प्रभावशाली मानिसहरुबाटै सर्वसाधारण ठगिन थालेको प्रहरीको अनुसन्धान र उजूरीले देखाएको छ । वैदेशिक रोजगारीका नाममा आर्थिक वर्ष ०७२ देखि ०७९ सम्मको अवधिमा सात अर्बभन्दा बढी रकम ठगी भएको थियो । गत वर्षको साउन महिनायताको सात महिनाको अवधिमा मात्रै २८ करोड रुपैयाँ ठगी भएको वैदेशिक रोजगार विभागले जनाएको छ । विदेश जाने, पैसा कमाउने लोभमा पर्दा कैयन व्यक्तिको लाखौं रुपैयाँ डुब्ने गरेको दिनहुँ सार्वजनिक भएका समाचारहरुले पुष्टि गरेका छन् ।

पछिल्लो समय वैदेशिक रोजगारको मुख्य र आकर्षक गन्तव्य बनेको कोरिया पठाउने नाममा समेत ठगी हुन थालेको छ । यद्यपि कोरिया जान दुई वटा वैधानिक प्रक्रिया पूरा गर्नुपर्छ । रोजगार अनुमति प्रणाली (ईपीएस) मार्फत कोरिया भाषा परीक्षा उत्तीर्ण गरेर र व्यक्तिगत श्रम स्वीकृति लिएर मात्र कोरिया जान पाइन्छ । तर, अहिले यी दुबै प्रक्रिया बाहेक केही नेता, कार्यकर्ताहरुले कोरिया पठाइ दिने र छिट्टै राम्रो आम्दानी गर्ने लोभ देखाएर सर्वसाधारणबाट करोडौं रुपैयाँ उठाएको पाइएको स्रोतले दाबी गरेको छ । काग्रेसका नेता, कार्यकर्ता र मन्त्रीका स्वकीय सचिव नै यस्तो अवैध धन्दामा संलग्न रहेको पीडितहरुको भनाइ छ । कोरिया जाने वैध बाटो बाहेक अन्य कुनै बाटो र विकल्प छैन । उसको प्रणालीमा कुनै निकाय वा व्यक्तिको संलग्नता पनि हुँदैन । यस्तो प्रक्रियाका जानकार र शिक्षित युवा नै आश्वासन र लोभमा पर्नु चाहिँ चिन्ताको विषय हो ।

इलाममा राम्रै पेशा–व्यवसाय गरिरहेका, शिक्षित युवाहरु आफ्नै छिमेकी, नातागोता र परिचित व्यक्तिहरुबाटै ठगिएको समाचार सार्वजनिक भएको छ । यस्तो ठगीमा म्यानपावर कम्पनी, शैक्षिक परामर्श केन्द्र (कन्सलटेन्सी) बाहेक अहिले भारतीयहरु पनि संलग्न रहेको अनुसन्धानबाट खुलेको छ । कन्सलटेन्सीहरुले परामर्शका नाममा विभिन्न प्रलोभन देखाएर ठगिरहेका छन् भने सरकार दिनहुँ ठगीका घटना बढ्दै गए पनि बेखबर जस्तै बनेको छ । रोजगारमा गएकाहरु सम्झौता अनुसारको काम र दाम नपाएर फर्किनुपर्ने बाध्यतामा परेका, पैसा दिएर जान नपाइ ठगिएकाहरु वैदेशिक रोजगार विभागमा उजुरी गर्न पुग्छन् । प्रहरीसँगको समन्वय र सहकार्यमा कार्वाही पनि गरिन्छ । तर, मन्त्री र मन्त्रालयले मुद्दा उल्ट्याउने गरेकोले विभाग आफैं निरीह जस्तै बनिएको छ । यो सबै ठगीका घटनालाई न्यूनीकरण र नियन्त्रण गर्न संघ सरकार नै अग्रसर हुनुपर्छ । अझ स्वदेशमै रोजगारको वातावरण सृजना गर्नु उसको कर्तव्य हो । भएका युवालाई देशमै रोक्ने कार्यक्रम ल्याएर सधैँ–सधैँका लागि ठगी अन्त्य गर्नुपर्छ । युवाको अभावमा न समाज न त राष्ट्रको समृद्धि सम्भव छ । यो सत्य दल, नेता र सरकारले अनुभूत गर्नुपर्छ ।



# चतरामा तेस्रो पूर्ण महाकुम्भ

कृष्णप्रसाद ढकाल

नेपाल र नेपालीको गौरव 'कुम्भस्नान' ! बाह्र वर्षमा एक पटक एक महिना सञ्चालन हुने बराहक्षेत्र पिण्डेश्वर पूर्ण कुम्भस्नान 'महास्नान र सन्तसमागम' अवसर, चतरा कुम्भनगरीको विशाल पण्डालमा गत चैत्र २७ गते नेपालका राष्ट्रपति रामचन्द्र पौडेलबाट समुद्घाटन भएको छ। पौराणिक मान्यता अनुसार समुन्द्रमन्थनबाट प्रकट भएको अमृतूघडालाई स्वर्गका राजा इन्द्रका छोरा जयन्तले कागको रुप लिएर आफ्नो चुच्चाले समातेर आकाशमार्ग हुँदै दक्षिणतिर उडे। यसैक्रममा घडा हल्लिएर हरिद्वार, प्रयाग, उज्जैन र नासिकमा एक-एक थोपा झर्‍यो, एकै थोपा झरेकै भरमा ती स्थानहरुमा कुम्भस्नानको थालनी भयो। भारतका केन्द्र सरकार र राज्य सरकारहरु एक वर्ष अघिदेखि नै करोडौंको खर्चको व्यवस्थापन तर्फ लाग्छन् र कुम्भ सफल बनाउँछन्।

जयन्तलाई देवताहरुले लखेट्न थालेकाले हिमालयको फेदीमा अमृतघडालाई हतपत राखेर स्वर्गलोकतिर भागे। त्यसपछि देवता र दानवहरुमा कसले पहिले खाने भन्ने विषयलाई समाधान गर्न भगवान श्रीनारायणले मोहिनीरुप धारण गरी अमृतूघडालाई हातमा लिएर देवता र दानवहरुलाई कौशिकी नदीतटमा पंक्तिबद्ध गराई बाँड्न खोज्दा घडामा अमृतको बाक्लो तर लागेको देखेर रुद्राक्ष वनको नजिकै वसन्तऋतु चैत्र महिना शुक्ल पक्षको प्रतिपदा तिथिमा अमृतको डल्लो पिण्डलाई पिण्डेश्वर महादेवको नामबाट स्थापना गरी, बाँकी अमृत सबैलाई बाँडेर प्राचीनको हरिद्वार, वर्तमानको चतरा धाममा चैत्र महिनाको शुक्ल पक्षको प्रतिपदा तिथि, यस बर्ष २०८० साल चैत्र २७ गते परेको छ यही दिनबाट एक महिनासम्म सधैँ कौशिकी स्नान गर्दै अमृतपिण्ड महोत्सव गर्नुभयो। यसरी अनादिकालमा भगवान श्रीविष्णुबाट कुम्भको थालनी भएको विभिन्न ग्रन्थहरुमा रहेको बिषय परमादरणीय वालसन्त महाराजश्रीबाट उल्लेख भएको छ।

नेपालको सुनसरीस्थित चतराधाम नै प्राचीन हरिद्वार भएको तथ्यलाई २५ वर्षको उमेरमै देश-विदेशका अनेकौं धर्माचार्यहरुसँग बृहद्शास्त्रास्त्र गरी सिद्ध गरेर सबैको समर्थन जुटाएर अनन्तश्री विभुषित बालसन्त मोहनशरण देवाचार्य माहाराजश्रीले विश्वको पाँचौं कुम्भ स्थलका रुपबाट चतराधाममा २०५९ साल बैशाख १ गतेबाट ज्येष्ठ १ सम्म प्रथम पिण्डेवर कुम्भ महोत्सव सञ्चालन गराउनुभयो। भारतबाट विश्व हिन्दु परिषद्का अन्तर्राष्ट्रिय अध्यक्ष अशोक सिंघल, काँशी सुमेरुपीठका जगद्गुरु शंकराचार्य नरेन्द्रानन्द सरस्वतीसहित हजारौं भारतीय सन्तहरुको आगमन भयो। वाराणसीबाट काशी पण्डितसभाका महामंत्री डा. विनोद राव पाठकज्यूको नेतृत्वमा २१ विद्वानहरुको टोली कुम्भप्रति अपार समर्थन जनाउँदै कुम्भमा उपस्थित भयो।

बालसन्तको यस प्रकारको अद्भूत कार्य क्षमताको सम्मान गर्दै, सयौं वर्षको इतिहास सम्हालेको 'काँशी विद्धत परिषद'ले '२०६७ बैशाख १' गते 'जगद्गुरु पद्वी'बाट विभूषित गर्‍यो। जगद्गुरुको ओहोदासँगै वैदिक सनातन धर्मरक्षाको जिम्मेवारी समेत जगद्गुरु माहाराजश्रीको काँधमा थमाइ दियो, जुन समस्त हामी नेपालीको गौरवको विषय थियो। नेपाल सरकारका तर्फबाट तात्कालीन सस्ंकृति पर्यटन तथा नागरिक उययनमन्त्री मिनेन्द्र रिजालसहितको टोलीले काठमाडौं ल्याएर नेपालका ऐतिहासिक प्रथम जगद्गुरु सम्मानसहित पशुपतिनेरको वनकालीमा अनुष्ठानको आयोजना गर्‍यो, जसलाई अपार जनसमुदायले रुचाएको थियो।

तेस्रो अमृतकुम्भ महोत्सव कार्यक्रमको सञ्चालन पं. सुनिल भट्टराई र धामका महासचिव प्रल्हाद भट्टराईबाट र स्वागत मन्तव्य बराहक्षेत्र नगरपालिका मेयर रमेश कार्कीबाट भएको छ। नगेन्द्रप्रसाद रिजालका पारिवारिक सदस्य र भोजनप्रसाद सहयोग टीम पक्षधरबाट ईन्दिरा रिजालले आफ्नो धारणा राख्नुभयो, प्रदेश १ का मुख्यमन्त्री एकराज कार्कीले महाराजश्रीलाई कुम्भको थालनीबाट यो क्षेत्र सास्ंकृतिक र पर्या-पर्यटकीय गन्तव्य हुँदै बजार विस्तारबाट आर्थिक गतिबिधिमा अतुलनीय सुधार भएकोले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

अन्त्यमा सम्माननीय राष्ट्रपतिबाट कुम्भ महोत्सव राष्ट्रिय सम्पत्ति भएको उल्लेख गर्दै आगामी दिनहरुमा अझ व्यवस्थित गर्दै अघि बढाउने प्रतिबद्धता जाहेर गर्नुभएको थियो। कुम्भ महोत्सवका अध्यक्षको नाताबाट जगद्गुरु महाराजश्रीबाट सम्माननीय राष्ट्रपतिसहित सम्पूर्ण मान्यजनहरुलाई सम्मान र धन्यवादसहित सभाको अन्त्य गर्नुभएको थियो। कार्यक्रममा सरकारका तर्फबाट प्रधानमन्त्री कार्यालय सचिव तथा कुम्भसंयोजक अर्जुन पोखेल, मन्त्रीहरु र पूर्व मन्त्रीहरु, सांसदहरु, नेपाली सेना प्रमुख प्रभुराम शर्मा, पूर्वाञ्चल प्रहरी प्रमुख डिआईजी चन्द्रकुवेर थापा, छिमेकी मेयरहरु, गाउँपालिका अध्यक्षहरु, सांसदहरु लगायत महत्वपूर्ण व्यक्तित्वहरुको उपस्थिति रहेको थियो।

**कुम्भ महोत्सवहरु :** नेपालमा प्रथम पटक पूर्ण महाकुम्भ महोत्सव (२०५९)को नामबाट २०५९ साल बैशाख १ गतेदेखि ज्येष्ठ १ गतेसम्म भव्यरुपले सम्पन्न भएको थियो। २०६३ साल चैत्र ६ गतेदेखि २०६४ बैशाख ८ गतेसम्म चतराधाममा पहिलो पटक अर्ध कुम्भ मेला सम्पन्न भएको थियो। २०७० चैत्र शुक्लपक्ष प्रतिपदा तिथि चैत्र १७ गतेदेखि २०७१ बैशाख १९ गतेसम्म दोस्रो पिण्डेश्वर पूर्ण कुम्भ मेला सम्पन्न भयो। २०७५ साल चैत्र २३ गतेदेखि २०६४ बैशाख २५ गते अक्षय तृतियाको दिनसम्म चतराधाममा दोस्रो अर्धकुम्भ मेला सम्पन्न भएको थियो।

हाल २०८० साल चैत्र शुक्लपक्ष प्रतिपदा तिथि चैत्र २७ गतेबाट २०८१ बैशाख २८ गतेसम्म तेस्रो पिण्डेश्वर पूर्ण महाकुम्भ मेला हुँदैछ। कुम्भस्नानका महत्वहरुको ब्याख्या गरेर नसकिए पनि महत्वपूर्ण कारण शरीर शुद्धी नै हो, जसको महत्व नुहाउनुमा छ। विभिन्न पुराणहरु र ग्रन्थहरुमा उल्लेख भए अनुसार भगवान ब्रम्हा, विष्णु, ईन्द्र र मनु महाराजले जलमा स्नान गर्नुभएको बिषय आउँछ, जसलाई महास्नान मानिएको छ। कुम्भ-महास्नानमा तीन वटा स्नानलाई विशेष महत्व दिइएको छ।

१. जुन दिन भगवान श्रीनारायण(विष्णु)ले नुहाउनु भयो,
२. जुन दिन श्रृष्टिकर्ता ब्रम्हाजीले नुहाउनुभयो, अनि
३. जुन दिन स्वर्गका राजा ईन्द्रले नुहाउनुभयो।

चतराधाम प्राचीन हरिद्वार भएको तथ्यहरु फेला नपर्दा, खोजी हुन नसक्दा अन्यौल रहिरहेको थियो। परमादरणीय जगद्गुरु बालसन्त महाराजश्रीको अथक प्रयासबाट श्रीमद् स्कन्द महापुराणको हिमाद्रिखण्ड लगायतका ग्रन्थहरुका पाना-पाना पल्टाएर खोजेर सकेसम्मका तथ्यहरु पत्ता लगाउनाले हामी अमृत महाकुम्भको पवित्रतालाई आत्मसात् गर्न सफल भएका हौं। अब हामीले कुम्भस्नानका लागि विदेश दौडीरहनु परेन, चतरा आफ्नै घरआगन हो यहाँ भाषा, व्यवहार बोलीचाली सबै मिल्छ। महान सन्त व्यक्तित्व उहाँले अनेकौं ग्रन्थहरुबाट खोजेर हामीलाई बाटो देखाइ सक्नुभएको छ।

अझ सधैँ जगद्गुरु महाराजश्रीले जिम्मा लिइरहनु, कुम्भका लागि भनेर दौडीरहनु यो पीडा महान सन्तलाई दिइरहनु हुँदैन। यो कुम्भ सञ्चालनको दायित्व अब राज्यले लिनुपर्छ, कुम्भको सम्पूर्ण दायित्व ग्रहण गर्नुपर्छ, यो राज्यको कर्त्तव्य र जिम्मेवारी पनि हो। कुम्भ हामी सारा नेपालीको पौराणीक, सास्ंकृतिक र पर्यटकीय सम्पत्ती हो। अमृत महाकुम्भ लगायतका राष्ट्रिय पर्वमा सरकारले निम्तादिएको खण्डमा परमादरणीय जगद्गुरु महाराजश्री पाहुनाको रुपमा उपस्थित हुन सक्नुहुन्छ र प्राप्त जिम्मेवारी निर्वाह गर्नुहुन्छ यो प्रतिबद्धता महाराजश्रीबाट जाहेर भइसकेको पनि छ।

नेपालका ऐतिहासिक प्रथम जगद्गुरु अनन्तश्री विभुषित बालसन्त मोहनशरण देवाचार्य महाराजश्रीका अनुसार लोक-कल्याण गर्ने पालन गर्ने कौशीकी माताको महिमा अनन्त छ। यस धर्तीका पूर्वज र ऋषि-मुनीहरुले तप-आराधना र स्याहार-सम्भार गरेको यस्तो पवित्र पावनभूमि विश्वमा अन्यत्र कहीँ छैन। ऋण काडेर तिर्थयात्राको लागि बिदेश दौडेर गरिने स्नान र दर्शनहरु भन्दा आफ्नै मुलुकमा अविरल बगिरहने हिमवत स्वच्छ र पवित्र नदीहरुमा गरिने स्नानहरु र आफ्नै मुलुकमा रहेका हीमतालहरु, हीमपोखरीहरु, बाह्रज्योतिर्लिङ्गहरु सहित अनेकौं मठमन्दिरहरुको दर्शनले नै मनग्यै पुण्यार्जन हुन्छ, सन्तुष्टी हुन्छ, वैकुण्ठ प्राप्ति हुन्छ। यससँगै आन्तरिक पर्यापर्यटनको अभिवृद्धि र विकास हुन्छ, हाम्रो आर्थिक गतिविधिमा सुधार हुँन्छ, सांस्कृतिक सम्पदाहरुको महत्वमा अभिवृद्धि हुन्छ। जयश्री राधे !

*(ढकाल जगद्गुरु जन्मस्थल संरक्षण तथा पूर्वीयदर्शन अध्ययन केन्द्रका सचिव समेत हुन्।)*

*krishnadhakal251@gmail.com*



# हड्डी कमजोर हुने यस्ता कारण

हड्डीलाई बलियो राख्नका निम्ति भरपूर मात्रामा क्यालसियम र भिटामिन डी को आवश्यकता पर्दछ। आजभोलिको भागदौडपूर्ण जीवनशैलीले गर्दा मानिसहरुलाई आफ्नो खानपानमा ख्याल राख्ने समय नै नभएको अवस्था पाउन सकिन्छ। त्यही समय नभएकै कारणले गर्दा जुन चीज सहजै बजारमा उपलब्ध हुन्छ त्यही नै खान रुचाउने गर्दछन्।

बजारमा पाइने रेडीमेड, फास्टफुडको सेवन अधिक मात्रामा गरेको पाइन्छ। तर, यस्तो खानाको सेवनले स्वास्थ्यमा कस्तोखालको प्रभाव पारिरहेको हुन्छ भन्ने विषयमा प्रायः मानिस अज्ञात हुन्छन्। तर, यस्ता अस्वस्थ खानपान र जीवनशैलीले हाम्रो हड्डीलाई नकारात्मक असर पुर्‍याइरहेको हुन्छ के कुराहरूले पार्दछ त हड्डीमा असर :

- सोडियमयुक्त खानेकुरा बढी मात्रामा नुनको प्रयोग गर्नाले हड्डीलाई कमजोर बनाउँदै जान्छ। हामीले सेवन गर्ने प्रत्येक दुई हजार तीन सय मिलीग्राम सोडियमले ४० मिलीग्राम क्यालसियमलाई नष्ट पार्दछ। बढी मात्रामा नुनको सेवन गर्ने व्यक्तिमा ओस्टियोपोरोसिस देखिने सम्भावना बढी हुन्छ, अर्थात् हड्डी कमजोर हुने अवस्था जसमा हड्डी भाच्चिएर जान पनि सक्छ।
- गुलियो सेवन मिठाई भन्ने बित्तिक्कै मन नपर्ने व्यक्ति सायदै होलान्। तर, धेरै मात्रामा गुलियो सेवन गर्नाले पनि हड्डीलाई कमजोर बनाउन सक्छ। यसले रगतमा ग्लुकोजको मात्रालाई बढाएर हड्डिको फरमेसनमा बाधा पुर्‍याउँछ।
- क्याफिनको सेवन बढी मात्रामा क्याफिनको सेवन गर्नाले हड्डीको डेंसिटीलाई कम गराउँछ। जति नै बढी यसको सेवन गरिन्छ, त्यति नै क्यालसियम नष्ट भएर जान्छ। त्यसैले अधिक मात्रामा यसको सेवन गर्नाले जटिलता निम्त्याउन सक्छ।
- मदिरा सेवन मदिरापानले शरीरमा क्यालसियम अवरोधकको रुपमा काम गर्दछ। साथ साथै यसले हड्डीको डेन्सिटी पनि कम गराउँदछ।
- सोडाजन्य पदार्थको सेवन बढी मात्रामा सोडा पिउनाले पनि हड्डीलाई कमजोर बनाउँदै जान्छ। यसको सेवन अत्यधिक मात्रामा गरियो भने यसले हड्डीको घनत्वलाई घटाएर ओस्टियोप्रोसिसलाई बढावा दिन्छ। यसको सेवनले हड्डीलाई गलाउँदै लिएर जान्छ।

# झापामा खडेरीले सुक्न थाल्यो मकै

**झापा, बैशाख २४।** झापामा लामो खडेरीले खेतमै बाली सुक्न थालेपछि झापाका किसान चिन्तामा छन् । घोगा लाग्ने बेलामा खडेरीले मकै बालीमा क्षति पुऱ्याएको छ ।



कृषि बालीविज्ञ राजेन्द्र खरेलले धामचमरा र घोगा लाग्ने बेलामा खडेरीले मकै बालीलाई ठूलो क्षति पुऱ्याउने बताए । झापामा महिनौँदेखि वर्षा भएको छैन । झापामा सिँचाइ सुविधा भएको क्षेत्रफल यकिन छैन । सरकारी आँकडामा ६० प्रतिशतभन्दा बढी खेतीयोग्य जमिनमा सिँचाइ सुविधा रहेको बताइए पनि धेरैजसो सिँचाइ आयोजना मर्मतसम्भारको अभाव र स्रोत सुक्दै गएका कारण किसानले खेतीमा पर्याप्त पानी पठाउन सकेका छैनन् ।

मेचीनगर-१५ ज्यामिरगढीका जयप्रसाद भेटवालको खेतीमा खडेरीले मकैका बोट ठाडै सुकेका छन् । ज्यामिरगढीको अधिकांश क्षेत्र सिँचाइ सुविधाबाट वञ्चित छ । निन्दा र टिमाइ खोलामा बाँध बाँधेर नहर सञ्चालन हुँदै आए पनि खडेरीले नहरको मुहानमै पानी अभाव भएको छ ।

निन्दा नहरको मुहान कच्ची रहेको र पानीको स्रोत सुक्दै गएका कारण नहरमा कमिला कुदिरहेको स्थानीय किसान बताउँछन् । नहरमा पानी नआउने र खडेरी चर्किएपछि गाउँका अधिकांश मकैबाली सुकेर परालसरी भएको स्थानीय किसान अम्बिका शिवाकोटी बताउँछिन् । किसानका लागि मकै धानपछिको मुख्य उत्पादन बाली हो । तर, मकैका बोट सुकेर क्षति पुगेका किसानको अवस्था बुझ्न हालसम्म कुनै तहको पनि सरकारका प्रतिनिधि नआउँदा उदेक लागेको शिवाकोटी बताउँछिन् ।

झापामा नदी सिँचाइ बाहेक सोलार सिँचाइका योजना पनि सञ्चालनमा छन् । विद्युतीय ऊर्जाबाट चल्ने मोटरले भूमिगत जल तानेर सिँचाइ गर्ने सुविधा थोरै खेतीमा मात्र रहेको छ । यसबाट खडेरीमा सुक्न लागेको मकैबालीलाई ठूलो राहत दिएको छ ।

मेचीनगरमा पालिया र निन्दा सिँचाइ आयोजना, बुद्धशान्तिमा हँडिया फूलवासा सिँचाइ आयोजना, बिर्तामोडमा देवनिया खोला सिँचाइ आयोजना र हल्दिबारीमा हर्चना कृषक सिँचाइ आयोजना वर्षौंदेखि सञ्चालनमा छन् । कनकाई सिँचाइ आयोजना जिल्लाको सबैभन्दा ठूलो र पुरानो सिँचाइ नहर हो ।

झापा गाउँपालिकामा टाघनडुब्बा सिँचाइ आयोजना, कमल गाउँपालिकामा भुतलुङ सिँचाइ आयोजना र बाह्रदशी गाउँपालिकामा सन्यासमुनि सिँचाइ आयोजनाले खेतीयोग्य जग्गामा सिँचाइ सुविधा पुऱ्याएको छ । झापा गाउँपालिकामा पाँच वर्षदेखि 'मकै जोन' लागू भएको छ । आँखाले हेर्दा भ्याउञ्जेलसम्म मकैखेती देखिने यस पालिकामा किसानले व्यावसायिक रुपमा मकैखेती गर्दै आएका छन् ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी चेतनाथ भण्डारीका अनुसार आर्थिक वर्ष २०७९/०८० मा झापामा ४४ हजार दुई सय ५० हेक्टर जमिनमा मकैखेती गरिएकामा चालू आवमा मकैखेती विस्तार भएको छ । जिल्लामा वार्षिक दुई लाख ५० हजार मेट्रिक टन मकैबाली उत्पादन हुने प्रक्षेपण गरिएको छ ।

झापा गाउँपालिकाको मकैजोनलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले सिँचाइ र उपकरणमा अनुदान उपलब्ध गराउँदै आएको छ । पाँच सय हेक्टर जमिनमा भएको खेतीलाई मात्र जोन घोषणा गर्ने चलन छ । झापा गाउँपालिका र कनकाई नगरपालिकाले मकैखेती गर्ने किसानलाई सिँचाइमा लाग्ने विद्युत् महसुलको ६० प्रतिशत रकम अनुदान दिँदै आएको छ ।

कृषिविज्ञ खरेल लामो खडेरीको मुख्य कारण जलवायु परिवर्तनको असर भएको बताउँछन् । खडेरी प्रभावित मकै खेतीमा घोगा नलाग्ने समस्या आउने उनको भनाइ छ । वर्षाका लागि भगवानसँग प्रार्थना गर्दै झापाका किसानले भ्यागुताको बिहे र सन्सारी पूजा गर्दै आएका छन् । अर्जुनधारा नगरपालिका-२ टाङटिङ खोलामा स्थानीय किसानले बाजागाजाका साथ एक जोडी भ्यागुताको विवाह गराएका हुन् । वर्षाका लागि जिल्लाका विभिन्न खोला किनारमा भगवान इन्द्रको पूजा र भाकल पूजा समेत हुने गरेको छ ।

# चोरले एक तोला सुन निलेपछि...

**पाँचथर, बैशाख २४।** पाँचथरमा चोरी गर्न गएका एक व्यक्तिले एक तोला सुन निलेको पाइएको छ । चोरी गर्न गएका फिदिम नगरपालिका-१ का २८ वर्षीय सुरेन्द्र योङ्याले एक तोला सुन निलेका हुन् । उक्त सुन निलेको ३६ घण्टापछि दिसाबाट बाहिर निकालिएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी सुमित कुशवाहाका अनुसार योङ्या गत चैत २८ गते योङ्या फिदिम-२ की विष्णुकुमारी तामाङको घरमा चोरी गर्न पसेका थिए । परिवारका सदस्यले योङ्याले सुनका गरगहना भएको स्टिलको दराजबाट सामग्री निकाल्दै गरेको देखेपछि प्रहरीलाई खबर गरेका थिए । तत्कालै पुगेको प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको थियो । यस क्रममा योङ्याको साथबाट रु. १५ हजार नगद बरामद गरिएको थियो ।

तामाङका गरगहना मध्ये एक तोलाको सुन फेला परेन । चोरी गर्न गएका योङ्याले उक्त सुन निलेको आशङ्कापछि जिल्ला अस्पताल फिदिममा एक्स-रे गरिएको थियो । एक्स-रे गर्दा योङ्याको पेटमा धातु देखिएको थियो । 'निलेको करिब ३६ घण्टापछि दिसाबाट उक्त सुन निकालिएको थियो' -सूचना अधिकारी कुशवाहाले भने । उक्त सुन प्रहरीले फिदिमकै सुनचाँदी पसलमा परीक्षण गराएको थियो ।

गत चैत २८ गते भएको उक्त घटनापछि चोरीसम्बन्धी सबै अनुसन्धान पूरा गरी जिल्ला प्रहरी कार्यालय पाँचथरले योङ्याबिरुद्ध जिल्ला अदालत पाँचथरमा मुद्दा दायर गरेको थियो । जिल्ला अदालतले गत वैशाख २३ गते प्रतिवादी योङ्यालाई रु. एक लाख ५० हजार धरौटीमा रिहा गर्ने आदेश दिएको थियो । तर, धरौटी रकम जम्मा गर्न नसपछि उनलाई पुर्पक्षका लागि जिल्ला कारागार पाँचथरमा थुनामा पठाइएको सूचना अधिकारी कुशवाहाले बताए ।

# लोकनाथ सम्मानित

**शनिश्चरे, बैशाख २४।** पौडेल वंश महासंघ नेपाल कोशी प्रदेश समितिले अर्जुनधारा-८ निवासी लोकनाथ पौड्याललाई आत्रेय कुलभूषण सम्मानद्वारा सम्मानित गरेको छ ।



लोकनाथ पौड्याल

कोशी प्रदेश समितिको दोस्रो महाधिवेशनको अवसरमा पौडेल वंश महासंघको स्थापना र सञ्चालनमा कुशल र सर्वस्वीकार्य नेतृत्व गर्दै संस्थालाई यो अवस्थामा पुऱ्याएको भन्दै उनलाई सम्मान गरिएको हो । उनकै सक्रियतामा पौडेल वंश महासंघको स्थापना भई सातै प्रदेशमा प्रदेश समिति, प्रवास समिति, जिल्ला र नगर समितिहरु गठन भई कुल पूजा तथा वंशावली समितिहरु समेत बनेका थिए ।

बृहत आत्रेयगोत्री पौडेल वंशावली २०६० को प्रमुख संकलक एवम् संस्थापक रहेका तथा पौड्याल वंश महासंघ नेपालका संस्थापक अध्यक्षको रुपमा पुऱ्याएको योगदान साथै पूर्वी नेपालको शिक्षा क्षेत्रमा पुऱ्याएको सेवा, विभिन्न सामाजिक संस्थाहरुमा रहेको सक्रियता, विभिन्न संस्थाहरुमा गरेको दानपुण्य, धार्मिक, आध्यात्मिक संस्था र गतिवधिहरुलाई मूल्यांकन गर्दै उनलाई सम्मान गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि केन्द्रीय अध्यक्ष हरिराम पौडेलले उक्त सम्मानपत्रसहित सम्मान गरेका हुन् ।

# जागरूक साकोसको सभा




**कमल, बैशाख २४।** कमल गाउँपालिका-३ केर्खामा रहेको जागरुक कृषि सहकारी संस्थाको आठौं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

कमल गाउँपालिका ३ नम्बर वडाका कार्यवाहक अध्यक्ष केशरा बर्देवा नेपालीले कार्यक्रमको उद्घाटन गरेकी थिइन् । साधारणसभाको अवसर पारेर उत्कृष्ट कर्मचारीका साथै संस्थामा उत्कृष्ट कारोबार गर्ने डेढ दर्जनभन्दा बढी सदस्यलाई सम्मान तथा पुरस्कृत गेरको सस्थाले जनाएको छ ।

सम्मानित हुने कर्मचारीतर्फ रोशनी सुवेदी, उत्कृष्ट कारोबारतर्फ कल्पनादेवी राई, सन्दीप राई, विष्णु श्रेष्ठ, भीमादेवी तिम्सिना, पुष्पाकुमारी कट्टेल रहेका छन् । त्यस्तै उत्कृष्ट बचतकर्ता देवराज पौडेल, भुवन चम्लागाँई, भुपेन्द्र खनाल, रुद्रबहादुर थापा र शन्तकुमार तामाङ्ग रहेका छन् ।

बाल बचततर्फ अष्टिन भण्डारी, अभिगोल भण्डारी, कमुद पोखेल, प्रशिद्ध बुढाथोकी, अश्निल बुढाथोकी तथा आवधिक बचततर्फ गणेश श्रेष्ठ र ज्येष्ठ नागरिकतर्फ कामक्षादेबी निरौला, प्रेम ढकाल र वीरेन्द्रकुमार अधिकारीलाई खादा र सम्मानपत्रद्वारा सम्मान गरिएको थियो ।

संस्थाका अध्यक्ष कमल घिमिरेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन संस्थाका सदस्य विवश बलिभद्र कोइरालाले गरेका थिए भने संस्थाका उपाध्यक्ष छत्रपति खनाल गोपालले स्वागत गरेका थिए ।

# खरबुजाबाट किसानलाई मनग्ये आम्दानी

**मेचीनगर २४ बैशाख।** मेचीनगर-१५ स्थित मेची नदी बगरमा लीला खनाल र हरि नेपालले १३ बिगाह क्षेत्रफलमा खरबुजा फलाएका छन् ।



खनालले पहिलो पटक खेती गरेकोमा राम्रो उत्पादन भएको बताए । कृषिमा लागीरहेका नेपाल र खनाल मिलेर मेची बगरमा खरबुजा खेती गरेका हुन् । नेपाली बाबु स्मार्ट कृषि फार्म दर्ता गरेर उनीहरुले शुरु गरेको बगर खेतीमा तीन सय ५० मेट्रिक टनभन्दा बढी खरबुजा फलेको छ ।

चैतको अन्तिम सातादेखि पाक्न थालेको खरबुजा बैशाख र जेठभरिमा बिक्री भइ सक्छन् । व्यापारीले फार्ममै आएर खरबुजा किनेर लैजाने गरेका छन् । निजी सवारी लिएर किन्न आउने ग्राहकको बगरमा भीड लाग्ने गरेको छ । यहाँबाट सस्तोमा किनेर लैजाने व्यापारीले बजारमा मूल्य बढाएर बेच्ने गर्छन् ।

खरबुजा बेचेर रु. ८० लाखदेखि ९० लाखसम्म आम्दानी गर्ने लक्ष्य फार्म सञ्चालक खनालको छ । दैनिक चारदेखि आठ टनसम्म खरबुजा बिक्री भइरहेको उनले जानकारी दिए । उनले भारतबाट सस्तो र कमसल खरबुजा भित्रिएका कारण बजारमा चुनौती थपिएको बताए । खरबुजामा नेपाल आत्मनिर्भर भएको दाबी गर्दै उनले भारतबाट गुणस्तर नजाँची भित्रिने खरबुजालाई भन्सार र क्वारेन्टाइन कार्यालयले कडाइका साथ रोक्नुपर्ने माग गरे ।

कनकाई-५ का फुलु मण्डलले कनकाई नदीको बगरमा तीन विगाह जग्गा भाडामा लिएर खरबुजा खेती गरेका छन् । उनले बगरखेतीमा खरबुजा लगाएको १५ वर्ष भइसकेको छ । गाडीमा डुलाएर बेच्ने व्यापारीले खरबुजा लैजाने गरेको मण्डलले बताए । तीन विगाहमा खरबुजा लगाउन रु. १२ लाख लगानी गरेको उनले बताए । खरबुजा बेच्न आफैले उर्लाबारीसम्म गाडी पठाउने गरेको उनले बताए । फुलुले खरबुजाबाट आम्दानी गरेको देखेर धीरेन मण्डल, दशरथ मण्डल, पाण्डव मण्डल र जनार्दन मण्डलले समेत कनकाईमा खरबुजाको बगरखेती लगाएका छन् । बलौटे माटोमा राम्रो फल्ने भएकाले बगरखेती खरबुजाका लागि निकै उपयोगी देखिएको छ ।

मेचीनगर-९ का डिल्ली उप्रेतीले एक दशकअघि व्यावसायिक खरबुजा खेतीको प्रवर्द्धन गरेका थिए । बिर्तामोडको बट्टाबारीमा उनको खरबुजा खेती छ । उनले खेतमा खरबुजा फलाउन सकिन्छ भनेर प्रमाणित गरेपछि धेरैले खरबुजा खेतीमा लगानी बढाएका हुन् । त्यसअघि भद्रपुरको मेची बगरमा नेपाली र भारतीय किसानले यसको खेती गर्थे ।

नेपाली बजारमा भारतबाटै आएको खरबुजाको व्यापार हुन्थ्यो । अहिले भारतबाट आयात नगरे पनि स्थानीय खरबुजाले बजारको माग धान्न सक्ने अवस्था भइसकेको व्यावसायिक किसान हरि नेपाल बताउँछन् । स्वाद र गुणस्तरका हिसाबले हेर्ने हो भने नेपाली उत्पादन अर्ग्यानिक हुने बताउँदै उनले भारतबाट आउने खरबुजा सस्तो र कमसल हुने जानकारी दिए । भारतमा सरकारले कृषिका लागि बीऊ, मल र सिँचाइमा प्रशस्त अनुदान दिने भएकाले लागत कम परेका कारण सस्तो भएको बताए ।

बजारमा खरबुजाको प्रति केजी मूल्य रु. ४५ देखि ६० सम्म छ । भाटभटेनी र सुपर मार्केटको बिक्री स्टलमा पनि स्थानीय खरबुजा पाइन थालेको छ । मेची बगरमा फलेको खरबुजा काठमाडौंका सुपरमार्केट र पाँचतारे होटलमा पुग्ने गरेको नेपाली बाबु स्मार्ट कृषि फार्मका सञ्चालक खनालले बताए । झापाका मेची, निन्दा, बिरिङ, रतुवा र मावा खोलाको बगरखेतमा किसानले खरबुजा फलाउने गरेका छन् ।

## राहदानी हरायो

बुधवारेबाट चारआली जाने क्रममा यही मिति २०८१।०१।०१ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- मनिष खरेल
**ठेगाना**:- बुद्धशान्ति -१, झापा
साविक : बुधवारे -६, झापा
**राहदानी नं.**:- ०९८८१९७५
मोबाइल नं. ९७४२५०१९८१


## उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्क :

| देवराज गिरी | विशाल हरिजन |
| --- | --- |
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

## बराल ट्याक्सी सर्भिस

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)

| सन्तोष | जीवन कार्की |
| --- | --- |
| ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| ९८४०३८७६७५ | मे १ ज १६७० |

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२, ९८०१३६४०९३**


## उर्लाबारी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**उर्लाबारी मोरङ्ग, कोशी प्रदेश, नेपाल**

## सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ७ का सिताराम न्यौपाने कि.नं. ४१५-३६२४ को ज.वि. ०-०-८ र ०-०-३.५ क्षेत्रफल जग्गामा निर्माण भएको आरसीसीको स्थलगत सर्जमिन गर्न जाँदा तपाई निम्नानुसारका संधियार अनुपस्थित भएकोले निवेदकको घरले संधियार, सार्वजनिक सम्पत्ति हानी-नोक्सानी हुन्छ/हुँदैन, हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । अन्यथा नियमानुसार काम, कारवाही हुने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

निम्न

| दिशा | संधियारको नाम, थर | सर्जमिन मिति | नक्सा दर्ता मिति | कैफियत |
| --- | --- | --- | --- | --- |
| पूर्व | बाटो | २०८१/०१/१८ | २०८१।०१।२० | |
| पश्चिम | श्री लिलाकुमारी लिम्बु | | | |
| उत्तर | बाटो | | | |
| दक्षिण | बाटो | | | |

## काठ शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०१/२५ गते**

कल्पतरु सा.व.उ.स., माई न.पा. ४ इलामको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाइ राखिएका साल गोलियो थान ४७ को ६८७.४३ क्यु.फि.काठ डिभिजन वन कार्यालय इलामका च.नं. ९६१७ मिति २०८१/०१/१३ को लिलाम बिक्री सहमति अनुसार जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धी कार्य गर्ने इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय तथा जिल्लास्थित विभिन्न कार्यालयहरुको सूचना पाटीमा टाँस गरिएको छ ।


**श्री कल्पतरू सा.व.उ.स., माई न.पा. ४, इलाम**


## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभका साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्त होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।